मधेशदृष्टिमा विज्ञापनका लागि सम्पर्क नं.:
9854028218
9802592799
9803474311
9817806395

नजर हमर
राष्ट्रिय दैनिक
# मधेशदृष्टि
www.emadheshdristi.com
Madheshdristi National Daily

## प्रसुति गराएका दुई महिलाको मृत्यु

**मधेशदृष्टि**
**सप्तरी।**
सप्तरीको कञ्चनरूप नगरपालिका–१२ ठेलियास्थित धर्मेश्वर हस्पिटल प्रालिमा प्रसूति गराएका दुई महिलाको मृत्यु भएपछि घटनाको छानबिन गर्न जिल्ला प्रशासन कार्यालय सप्तरीले स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, मधेश प्रदेशलाई अनुरोध गरेको छ । जिल्ला प्रशासन कार्यालय सप्तरीले सोमबार मन्त्रालयलाई पत्र पठाउँदै दुवै महिलाको मृत्युको कारण, अस्पतालको कमीकमजोरीबाट मृत्यु भएको हो वा होइन तथा अस्पतालमा शल्यक्रियालगायत जटिल प्रकृतिका उपचार गर्न आवश्यक अनुमति, पूर्वाधार र विशेषज्ञ जनशक्ति भएनभएको विषयमा छानबिन गर्न अनुरोध गरेको हो।

● वर्ष ४ ● अंक २८६ ● २०८३ साल असोज ०६ गते मंगलबार ● Tuesday 22, September 2026 ● सूर्योदय: बिहान ०५:५२ बजे ● सूर्यास्त: साँझ ०६:०० बजे ● पृष्ठ ४ ● मूल्य रु. ५/-

## मधेशमा सन्तान जन्माउने क्रम घट्दै

# तर 'छोरा' नै चाहिन्छ !



**मधेशदृष्टि**
**जनकपुरधाम।**
विस्तारै मधेशको जनजीवन पनि बदलिँदैछ । सन्तान घटाउने या कम गर्ने मामलामा मधेशले पनि अंगीकार गरेको देखिन्छ। तर परिवारलाई एक वा दुई सन्तानमा सीमित गर्ने चाहना बढिरहँदा 'छोरा चैँ चाहिन्छ' भन्ने सामाजिक मान्यता कमजोर हुनसकेको छैन। यही सोचका कारण छोरी जन्मिएपछि अर्को सन्तानका रूपमा छोरा पाउने अपेक्षा गर्ने र छोरीप्रति फरक व्यवहार गर्ने प्रवृत्ति भने कायमै देखिन्छ।

मधेश प्रदेशसभाको महिला, बालबालिका तथा सामाजिक न्याय समितिकी सभापति रूपा यादवका अनुसार पुरुषप्रधान सोचका कारण छोरा र छोरीबीचको विभेद अझै कायम छ। एउटा छोरा भएपछि परिवार नियोजन गर्ने तर छोरी मात्रै भए छोरा जन्माउने चाहनामा अर्को सन्तानको योजना बनाउने प्रवृत्ति समाजमा रहेको उनले बताइन्।

छोरीलाई जन्मनै नदिने सोचसमेत कतिपय परिवारमा कायम रहेकाले समस्या थप जटिल बनेको उनको भनाइ छ। गर्भमै लिंग पहिचान गरी छोरी भए गर्भपतन गराउने गैरकानुनी अभ्याससमेत समस्याको एउटा कारण रहेको जानकारहरू बताउँछन् । अल्ट्रासाउन्डजस्ता प्रविधिको सहज पहुँचसँगै यस्तो जोखिम बढेको उनीहरूको भनाइ छ।

**विवाहको उमेरमा पनि असमानता**

छोरीप्रतिको विभेद विवाहको उमेरमा समेत देखिन्छ । जनगणना २०७८ अनुसार मधेश प्रदेशमा कुल जनसंख्याको ३३.४ प्रतिशत अविवाहित छन्। पुरुषमध्ये ३९.४ प्रतिशत अविवाहित हुँदा महिलाको हिस्सा २७.६ प्रतिशत मात्रै छ।

विवाहितको अनुपात पुरुषमा ५८.२ प्रतिशत र महिलामा ६६.७ प्रतिशत रहेको जनगणनाको तथ्यांक छ।

१५ देखि १७ वर्षको उमेरमै पहिलो विवाह गर्ने महिलाको हिस्सा ३८.१ प्रतिशत छ भने पुरुषको १५.१ प्रतिशत मात्रै छ। १० देखि १४ वर्षको उमेरमा विवाह गर्ने महिलाको हिस्सा १३.८ प्रतिशत हुँदा पुरुषको ३.८ प्रतिशत छ।

तर २१ देखि २४ वर्षको उमेरमा पहिलो विवाह गर्ने पुरुषको हिस्सा २२.६ प्रतिशत हुँदा महिलाको ८ प्रतिशत मात्रै छ।

मधेशमा पहिलो विवाह गर्दाको औसत उमेर १८ वर्ष छ। पुरुषको औसत विवाह उमेर २० वर्ष हुँदा महिलाको १७ वर्ष रहेको तथ्यांकले देखाउँछ।

**महिला परिवारमूली हुने दर पनि कम**

मधेशमा महिला परिवारमूली हुने दर राष्ट्रिय औसतभन्दा कम छ । प्रदेशका ११ लाख ५६ हजार ७ सय १५ परिवारमध्ये २१.७ प्रतिशत परिवारमा महिला परिवारमूली छन्।

यद्यपि यो हिस्सा २०६८ सालको तुलनामा ८.१ प्रतिशत बिन्दुले बढेको छ। राष्ट्रिय रूपमा भने महिला परिवारमूली रहेका परिवारको हिस्सा ३१.६ प्रतिशत छ।

**तीन वर्षदेखि रोकियो छोरी बिमा**

छोरा र छोरीबीचको विभेद घटाउने उद्देश्यले मधेश प्रदेश सरकारले सुरु गरेको छोरी बिमा कार्यक्रम पनि पछिल्लो तीन वर्षदेखि रोकिएको छ।

तत्कालीन मुख्यमन्त्री लालबाबु राउत नेतृत्वको सरकारले छोरी जन्मिएपछि एक लाख रुपैयाँसम्मको बिमा हुने गरी कार्यक्रम ल्याएको थियो। राउतका अनुसार रकम ठूलो नभए पनि छोरीप्रतिको सामाजिक दृष्टिकोण परिवर्तन गर्ने उद्देश्यले योजना सुरु गरिएको थियो।

सरकार परिवर्तनपछि कार्यक्रमले निरन्तरता नपाएकोमा दुःख लागेको राउत बताउँछन्। उनका अनुसार छोरीको जन्मलाई आर्थिक बोझका रूपमा हेर्ने सोच परिवर्तन गर्न यस्ता कार्यक्रमको निरन्तरता आवश्यक हुन्छ।

## सशस्त्रले गोदामबाटै सामान उठाएर लगेको आरोप



**मधेशदृष्टि**
**जनकपुरधाम।**
धनुषाको क्षिरेश्वरनाथ नगरपालिकास्थित महेन्द्र नगरमा रहेको शिव पार्वती ट्रेडर्सका सञ्चालक शिवशंकर साहले आफ्नो गोदाममा रहेको नेपाली सामानको बिल बिजक नहेर्दै सशस्त्र प्रहरीले सामान उठाएर लगेको गुनासो गरेका छन्।

साहका अनुसार गोदाममा रहेको अधिकांश सामानको खरिद बिल तथा आवश्यक कागजात आफूहरूसँग सुरक्षित रहेको थियो। तर, प्रशासनले बिल बिजक हेर्न समेत नमानेको र 'जे हेर्नुछ भन्सारमा गएर हेर्नुहोस्' भन्दै सामान उठाएर लगेको उनको आरोप छ।

उनले आफ्नो गोदाममा नेपाली उत्पादनको वाटरमेलन सीडका करिब २०३ बोरा, पार्लेजी बिस्कुटलगायतका सामान रहेको बताए। पार्लेजी बिस्कुटको आफू आधिकारिक डिलरसमेत रहेको भन्दै उनले ती सामानको बिल बिजक व्यवस्थित रूपमा रहेको दाबी गरे।

'मसँग सबै सामानको बिल बिजक छ। कम्तीमा बिल बिजक हेर्नुस् भनेर पटक–पटक अनुरोध गर्दा पनि सुनुवाइ भएन,' साहले भने, 'हाम्रो सामान अवैध हो भने कारबाही गर्नुस्, तर बिल बिजक भएको सामानलाई समेत यसरी उठाएर लैजानु ज्यादती भयो।' साहले आफ्नो फर्मले सरकारलाई नियमित रूपमा मूल्य अभिवृद्धि कर (भ्याट) तथा आयकर तिर्दै आएको दाबी गरेका छन्। शिव पार्वती ट्रेडर्सको भ्याट नम्बर ६०२८१७९२८ रहेको उल्लेख गर्दै उनले फर्मको कारोबार र कर विवरण सरकारी प्रणालीमै रहेको बताए।

उनका फर्मले आयात–निर्यातको कारोबार गर्दै आएको र चीनबाट विभिन्न सामान आयात गर्नुका साथै काजु तथा बदामसमेत विदेशबाट आयात गर्ने गरेको उनले बताए।

साहका अनुसार प्रशासनको टोली गोदाममा पुग्दा ठूलो संख्यामा सुरक्षाकर्मीसमेत परिचालन गरिएको थियो। करिब डेढदेखि दुई सय सुरक्षाकर्मी परिचालन हुँदा सडकसमेत जाम भएको उनले बताए।

यसअघि आइतबार धनुषामा सशस्त्र प्रहरी र नेपाल प्रहरीको संयुक्त टोलीले करिब १८ लाख रुपैयाँ बराबरको अवैध चोरी पैठारीका सामान बरामद गरेको जनाएको थियो। जबकि शिव पार्वती ट्रेडर्सका संचालक शिवशंकर साहले ७५ लाख बढीको सामान रहेको दावी गरेका छन्।

## घरभित्रै महिला मृत फेला, गरगहना चोरीको आशंका





**मधेशदृष्टि**
**वीरगंज।**
पर्साको धोबिनी गाउँपालिका–५, धोबिनीमा ५५ वर्षीया महिला आफ्नै घरभित्र मृत अवस्थामा फेला परेकी छन्। स्थानीय श्रीनिवास तुराहाकी श्रीमती लखराव देवी सोमबार बिहान घरको दोस्रो तल्लामा मृत भेटिएकी हुन्।

स्थानीयका अनुसार आइतबार राति श्रीनिवास र उनकी श्रीमती तीनतल्ले पक्की घरको छुट्टाछुट्टै तल्लामा सुतेका थिए। श्रीनिवास पहिलो तल्लामा र लखराव देवी दोस्रो तल्लामा सुतेकी थिइन्। सोही रात अज्ञात समूहले छिमेकीको घरतर्फबाट झ्याल तोडेर दोस्रो तल्लामा प्रवेश गरेको र घरभित्र रहेको दराज फोडी गरगहना चोरी गरेर लगेको स्थानीयको दाबी छ।

सोमबार बिहान नियमित पूजाका लागि श्रीमती नआएपछि श्रीनिवास उनलाई खोज्दै माथिल्लो तल्लामा पुगेका थिए। त्यहाँ लखराव देवीलाई मृत अवस्थामा भेटेपछि उनले तत्काल प्रहरीलाई खबर गरेका थिए। घटनाको सूचना पाएलगत्तै इलाका प्रहरी कार्यालय लंगडी, इलाका प्रहरी कार्यालय पोखरिया र जिल्ला प्रहरी कार्यालय पर्साबाट प्रहरी टोली घटनास्थल पुगेको थियो। प्रहरीले घटनास्थलको मुचुल्का उठाएर शव परीक्षणका लागि वीरगञ्जस्थित नारायणी अस्पताल पठाएको छ।

घरमा चोरीसमेत भएको र लाखौँ रुपैयाँ मूल्यका गरगहना लुटिएको स्थानीयले बताएका छन्। यद्यपि, प्रहरीले चोरी भएको पुष्टि हुने विवरण अहिलेसम्म प्राप्त नभएको जनाएको छ। जिल्ला प्रहरी कार्यालय पर्साका प्रवक्ता प्रहरी नायब उपरीक्षक चक्रबहादुर मल्लले धोबिनीस्थित एक घरमा ५५ वर्षीया महिला मृत अवस्थामा फेला परेको सूचना प्राप्त भएपछि प्रहरी घटनास्थलमा पुगेर अनुसन्धान अघि बढाएको जानकारी दिए।

उनका अनुसार घरको झ्याल र दराज तोडिएको जानकारी प्राप्त भए पनि चोरी भएको सामान तथा त्यसको मूल्यसम्बन्धी यकिन विवरण अहिलेसम्म प्राप्त भएको छैन। मृतक लखराव देवीका दुई छोरा र दुई छोरी छन्। स्थानीयका अनुसार उनका दुवै छोरा व्यवसायको सिलसिलामा काठमाडौंमा बस्दै आएका छन्।

घरभित्रै महिलाको रहस्यमय मृत्यु र चोरीको आशंकाले धोबिनी गाउँमा त्रास फैलिएको छ। घटनाको वास्तविक कारण, मृत्युको प्रकृति र चोरीमा संलग्न व्यक्तिको पहिचानबारे प्रहरीले अनुसन्धान गरिरहेको जनाएको छ।

## नयाँ मन्त्रीलाई पुरानै चुनौती

### के हुँदैछ काठमाडौँमा ग्यास आपूर्ति ?

**काठमाडौँ।**
उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री दीपककुमार साहले ग्यास आपूर्ति सहज बनाउन मन्त्रालयले तत्कालीन, मध्यकालीन र दीर्घकालीन समाधानको ढाँचा तयार गरी सबै शक्ति र सामर्थ्य लगाइ निरन्तर प्रयास गरिरहेको बताएका छन्। सरकारका सबैभन्दा पछि बनेका मन्त्रीलाई राष्ट्रको पुरानै समस्या काठमाडौँमा ग्यास अभावको समस्या समाधान प्रमुख चुनौती बनेको हो।

प्रतिनिधिसभाको सोमबारको बैठकमा सांसदका जिज्ञासाको जवाफ दिँदै उनले ग्यास सिलिण्डरको आपूर्ति यथाशीघ्र सामान्य बनाउन कार्यक्रम मूल्याङ्कन तथा समीक्षा प्रविधि विश्लेषण (पर्ट एनालाइसिस) गरी आपूर्ति प्रक्रियाका सबै चरणको अध्ययन गरिएको बताए।

'भन्सार जाँचपास (क्लियरेन्स)को समय घटाउन अर्थ मन्त्रालय, बाटोमा हुने जाम तथा आवागमन व्यवस्थापनका लागि गृहमन्त्रालय र नियमित आउने १०० बुलेट ग्यासलाई अस्थायी रूपमा एक सातासम्म १६० बुलेटसम्म पु¥याउन कूटनीतिक पहल अघि बढाइएको छ,' मन्त्री साहले भने।

ग्यास आपूर्ति अल्पकालीन रूपमा सहज र दीर्घकालीनका लागि दिगो तथा व्यवस्थित बनाउन आवश्यक मार्गनिर्देशन तयार गर्ने उद्देश्यले मन्त्रालयभित्र आन्तरिक समिति गठन गरिएको उनले जानकारी दिए। साहले भने, 'मन्त्रालयमा ग्यास उद्योगीसँग गरिएको बैठकबाट काठमाडौँ उपत्यकामा प्रतिदिन ५० हजार सिलिन्डर आपूर्ति गर्ने प्रतिबद्धता प्राप्त भएको छ, जसको कार्यान्वयन दैनिक तथ्याङ्कबाट अनुगमन भइरहेको छ।'

यसैगरी अत्यावश्यक वस्तुको मूल्यवृद्धि, कमजोर बजार अनुगमन र कालोबजारीबारे उठेका विषयमा सरकार गम्भीर रहेको मन्त्री साहले उल्लेख गरे। अवाञ्छित मूल्यवृद्धि हुन नदिने र कृत्रिम अभाव सिर्जना गर्नेलाई कानुनबमोजिम कारबाही गर्न सरकार प्रतिबद्ध रहेको उनको भनाइ छ।

'मन्त्रालय, वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग र मातहतका कार्यालयबाट संयुक्त तथा आकस्मिक अनुगमन टोली परिचालन गरी अवाञ्छित मूल्यवृद्धि, कृत्रिम अभाव र कालोबजारी नियन्त्रणको काम भइरहेको छ,' मन्त्री साहले भने, 'उपभोक्ता हितविपरीत गतिविधि गर्नेमाथि कारबाही गर्दै आइएको छ र यस कार्यलाई अझ प्रभावकारी बनाउँदै लगिनेछ।'

मन्त्री साहका अनुसार खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेडमार्फत वर्षभरि सुपथ मूल्य पसल १९३ वटा सञ्चालन गरिएको छ भने साल्ट ट्रेडिङ कर्पोरेसन लिमिटेडमार्फत चाडपर्व लक्षित सुपथ मूल्यका पसल सञ्चालनको तयारी भइरहेको छ। उनले विशेष आर्थिक क्षेत्र ऐन, २०७३ अनुसार अनुमतिपत्र रद्द भएका उद्योगले एक वर्षभित्र आफ्नो अचल सम्पत्तिको व्यवस्थापन गर्नुपर्ने र व्यवस्थापन हुन नसकेमा त्यस्तो सम्पत्ति नेपाल सरकारको हुने कानुनी व्यवस्था रहेको बताए। निर्यात प्रवर्द्धन र आयात व्यवस्थापनमार्फत व्यापार घाटा कम गर्न 'वाणिज्य नीति, २०८१', 'नेपाल व्यापार एकीकृत रणनीति, २०८०' र 'व्यापार घाटा न्यूनीकरणसम्बन्धी राष्ट्रिय कार्ययोजना' अद्यावधिक गरी कार्यान्वयनमा ल्याइएको उनले जानकारी दिए।

हेटौँडा सिमेन्ट उद्योग सञ्चालनको मागका सम्बन्धमा अर्थ मन्त्रालयबाट उद्योगको सम्पत्ति तथा दायित्व मूल्याङ्कन (डिडीए) सम्पन्न भएको बताउँदै मन्त्री साहले उद्योग सञ्चालनको विकल्प, वित्तीय दायित्व, प्रविधिगत अवस्था र बजार सम्भाव्यतालाई समेटेर निर्णय गर्ने विषय हाल छलफलमा रहेको अवगत गराए।

खानी तथा खनिज पदार्थको उत्खनन र ढुङ्गा, गिट्टी, बालुवा तथा क्रसर उद्योगको सञ्चालन मापदण्ड समयसापेक्ष बनाई प्रभावकारी नियमन गर्नुपर्ने विषयमा 'खानी तथा खनिज पदार्थसम्बन्धी विधेयक, २०८३' सङ्घीय संसद्मा पेस भई हाल समितिमा छलफलको क्रममा उनले जानकारी दिए। उत्तरी नाकाबाट व्यापार र आवागमन सहज बनाउन उठाइएको विषयमा सम्बन्धित व्यापार महाशाखा तथा सरोकारवाला निकायबाट नाकागत अवस्था, पूर्वाधार, भन्सार प्रक्रिया र अवरोधका कारणसम्बन्धी तथ्य सङ्कलन गर्दै आइएको उनले उल्लेख गरे।

## तीन किशोरी भारत लैजान खोज्ने भारतीय पक्राउ




**मधेशदृष्टि**
**जनकपुरधाम।**
मकवानपुरका तीन किशोरीलाई परिवारको जानकारीबिना भारततर्फ लैजान खोजेको आरोपमा एक भारतीय नागरिक पक्राउ परेका छन्।

भारतको बिहारस्थित पूर्वीचम्पारण जिल्लाको कुण्डवा चैनपुरबाट २३ वर्षीय सलाउद्दीन अन्सारीलाई भारतीय सीमा सुरक्षा बल (एसएसबी) र प्रहरीको संयुक्त टोलीले पक्राउ गरेको हो। अन्सारी पूर्वीचम्पारणको ढाका थाना क्षेत्रअन्तर्गत हारूनी गाउँका बासिन्दा रहेको प्रहरीले जनाएको छ।

प्रहरीका अनुसार अन्सारीले मकवानपुरको राईगाउँका १५ वर्षीया ज्योशा राई, १६ वर्षीया नवीना परियार र १७ वर्षीया मनीषा विष्टलाई भारततर्फ लैजान खोजेका थिए।

वीरगञ्ज–रक्सौल र गौर नाकामा सुरक्षा निगरानी कडा रहेकाले ग्रामीण तथा वैकल्पिक बाटो प्रयोग गरी किशोरीहरूलाई भारत लैजान खोजिएको प्रारम्भिक अनुसन्धानबाट खुलेको भारतीय प्रहरीले जनाएको छ।

किशोरीहरूलाई प्रलोभनमा पारी भारत लैजान खोजिएको हुनसक्ने आशंकामा प्रहरीले थप अनुसन्धान अघि बढाएको छ।

अन्सारीको साथबाट एउटा इलेक्ट्रिक स्कुटर, पाँच थान मोबाइल, आधार कार्ड, प्यान कार्ड, नेपाली रुपैयाँ ५१० र भारतीय रुपैयाँ ५२० बरामद भएको प्रहरीले जनाएको छ।

मोतीहारीका प्रहरी प्रमुख एसपी स्वर्ण प्रभातका अनुसार भारतमा आवश्यक कानुनी प्रक्रिया पूरा भएपछि उद्धार गरिएका किशोरीलाई नेपाल प्रहरीमार्फत अभिभावकको जिम्मा लगाइनेछ।

पक्राउ परेका अन्सारीमाथि भने भारतीय कानुनअनुसार थप अनुसन्धान तथा कारबाही अघि बढाइने प्रहरीले जनाएको छ।

रौतहटका प्रहरी प्रमुख एसपी सीताराम रिजालले घटनाबारे भारतीय प्रहरीसँग निरन्तर समन्वय भइरहेको जानकारी दिएका छन्। भारततर्फको कानुनी प्रक्रिया पूरा भएपछि किशोरीहरूलाई जिल्ला प्रहरी कार्यालय गौरमा ल्याई अभिभावकको जिम्मा लगाउने तयारी रहेको उनले बताए।

## सम्पादकीय

# कतै हवाई फायर, कतै घरमै महिलाको मृत्यु ?

पर्सामा भएका दुई गम्भीर घटनाले आम नागरिकमा सुरक्षा चिन्ता ह्वात्तै बढाएको छ। एकातिर चोरी भएको घरमा महिला मृत फेला पर्नु र अर्कोतिर गाँजा तस्करलाई नियन्त्रणमा लिन प्रहरीले गोली नै चलाउनुपर्ने बाध्यात्मक स्थिति सिर्जना हुनु पक्कै पनि सामान्य विषय होइन । यी घटनाले विशेषगरी तराई–मधेशका सीमावर्ती क्षेत्रमा बढ्दो आपराधिक गतिविधिलाई छर्लङ्ग पारेका छन् । नजिकिँदै गरेका महान् चाडपर्वको संघारमा यस्ता प्रकृतिका जघन्य घटना बाहिरिनुले शान्ति सुरक्षाको वर्तमान अवस्था र चुनौतीमाथि गम्भीर प्रश्नचिह्न खडा गरेको छ।

विगतका वर्षहरूको तथ्याङ्क हेर्ने हो भने पनि चाडपर्वको आगमनसँगै आपराधिक गतिविधिमा उल्लेख्य वृद्धि हुने गरेको पाइन्छ । दशैँ, तिहार, छठजस्ता पर्वहरूमा मानिसहरूको आर्थिक गतिविधि बढ्ने, घर खाली छोडेर गाउँ जाने र बजारमा चहलपहल थपिने भएकाले चोरी, डकैती र लुटपाटका घटना मौलाउने गर्छन् । यसबाहेक, खुला सिमानाको फाइदा उठाउँदै तस्करहरूले अवैध कारोबारलाई तीव्रता दिने अनुकूल समय पनि यही हो । पर्सामा देखिएको गाँजा तस्करी र लुटपाटका क्रममा भएको शंकास्पद मृत्यु यसै आपराधिक शृंखलाका खतरनाक पूर्वसङ्केत हुन्।

यस्ता घटना नियन्त्रण गर्न सुरक्षा निकायको भूमिका सबैभन्दा महत्त्वपूर्ण हुन्छ। तस्करलाई पक्रन प्रहरीले देखाएको सक्रियता र साहस प्रशंसनीय भए पनि घरभित्रै महिलाको ज्यान जाने गरी भएको घटनाले हाम्रो सुरक्षा संयन्त्रको सुराकी सञ्जाल र पूर्वतयारीमा रहेका छिद्रहरूलाई उजागर गरेको छ । घटना घटेपछि अनुसन्धान गर्नुभन्दा अपराध हुनै नदिनु प्रहरी प्रशासनको मूल दायित्व हो। चाडपर्व लक्षित विशेष सुरक्षा योजनाहरू प्रेस विज्ञप्ति र कागजमा मात्र सीमित नभई, नागरिकले प्रत्यक्ष महसुस गर्ने गरी सडक र गल्लीहरूमा कार्यान्वयन हुनु नितान्त जरुरी छ।

अर्कोतर्फ, शान्ति सुरक्षा कायम गर्ने दायित्व राज्यको मात्र हो भनेर नागरिक पन्छिन मिल्दैन। आफ्नो घर, टोल र छिमेकको सुरक्षाप्रति आम नागरिक पनि उत्तिकै सजग र जिम्मेवार हुनुपर्छ। शंकास्पद गतिविधि देख्नासाथ प्रहरीलाई खबर गर्ने, घर खाली छोड्दा सुरक्षित उपायहरू अपनाउने र 'समुदाय–प्रहरी साझेदारी' जस्ता अवधारणालाई प्रभावकारी बनाउन स्थानीयको सक्रिय सहभागिता आवश्यक छ । आपराधिक मनोवृत्ति भएका व्यक्ति तथा समूहहरूले नागरिकको सानो असावधानी र मौनताको नै सबैभन्दा बढी फाइदा उठाउने गर्छन्।

तसर्थ, पर्साका यी प्रतिनिधि घटनाहरूलाई बेलैमा गम्भीर पाठका रूपमा लिई देशभरको सुरक्षा व्यवस्था तत्काल कडा पारिनुपर्छ। गृह प्रशासनले चाडपर्वको समयमा हुने सम्भावित अपराधलाई मध्यनजर गर्दै रात्रि गस्ती बढाउने, सीमा नाकामा चेकजाँच कडा गर्ने र सादा पोसाकका सुरक्षाकर्मी परिचालन गर्न कुनै पनि बहानामा ढिलाइ गर्नु हुँदैन । नागरिकको ज्यान र सम्पत्तिको सुरक्षा राज्यको पहिलो सर्त हो, जसको पूर्ण प्रत्याभूति बिना चाडपर्वको उल्लास र उमङ्ग आम नेपालीका लागि निरर्थक र त्रासद साबित हुनेछ।

# 'ठूलो बाढी आउँदैछ' भन्ने सूचना पत्याउन नसक्दा धेरै क्षति

रामहरि न्यौपाने/रासस



बिहानको खाना खाइसकेपछि विदुर नगरपालिका–१ ढुङ्गेका छत्र प्याकुरेल नियमित काममा जाने तयारीमा हुनुहुन्थ्यो। त्रिशूली नदीको किनारबाट केही दूरीमा घर भएकाले नदीमा ठूलो बाढी आए पनि आफ्नो घरसम्म त्यसको असर पुग्ला भन्ने उहाँलाई लागेको थिएन। त्यसैले भदौ १० गते बिहान 'बाढी आउँदैछ' भन्ने सूचना पाए पनि त्यसले निम्त्याउन सक्ने विपत्तिको अवस्थाका बारेमा उहाँले अनुमान गर्न सक्नुभएन।

घरबाट निस्कने तयारी गरिरहेका बेला प्रहरीले माइकिङ गर्दै भन्यो, 'भोटेकोशीमा आएको बाढीले रसुवाको टिमुरेमा ठूलो क्षति पुर्याएको छ । ठूलो बाढी तीव्रगतिमा अघि बढिरहेको छ। तपाईँहरू सबै सुरक्षित स्थानतर्फ लाग्नुहोस्। ढुङ्गे चोकभन्दा अझ माथि जान अनुरोध गर्दछौँ,' माइकिङ गर्ने प्रहरी हवल्दार अर्जुन न्यौपानेलाई चिन्नुभएका उहाँले प्रहरीको नजिकै पुगेर सोध्नुभयो, 'बाढी धेरै ठूलो हो ?' जवाफ आयो, 'हो, धेरै ठूलो छ।'

तर, 'धेरै ठूलो' भन्ने चेतावनीले पनि बाढीको वास्तविक अवस्था ठूलो होलाजस्तो लागेको थिएन । 'नातिनी विद्यालय जाने बेला भएको थियो। सबै जनासँगै निस्कनुपर्ला भन्ने लाग्यो,' प्याकुरेलले भन्नुभयो । त्यसपछि उहाँ परिवारका सदस्यसँगै घरबाट निस्कने तयारीमा लाग्दै गर्दा केही समयमै त्रिशूलीको भेल अस्वाभाविक रूपमा बढ्यो। बाढीले घरलाई चारैतिरबाट घेर्यो। केही मिनेटमै ढुङ्गेबजार र आसपासका बस्ती बाढीको भेलमा परिणत भए।

घरमै फसेका प्याकुरेलसहित परिवारका पाँच जना र एक छिमेकी गरी छ जनालाई स्थानीयवासीको सहयोगमा सुरक्षाकर्मीले उद्धार गरे । बाढीको भेलबीच ज्यान जोगाउन सफल उहाँको घर अहिले 'हरियो घर'का रूपमा परिचित छ । 'सूचना त आएको थियो, तर यति ठूलो बाढी आउँछ भन्ने विश्वास लागेन। बाढी आँखैअगाडि आइपुग्दा सुरक्षित ठाउँमा जाने समय नै भएन,' उहाँले भन्नुभयो।

**बाढी हेर्न जाँदा आफैँ भेलमा**

विदुर–१० वेत्रावतीका शशि डङ्गोलले पनि टिमुरेमा बाढीले क्षति पुर्याएको केही समयमै साथीमार्फत ठूलो बाढी आउँदै गरेको सूचना पाउनुभएको थियो । केही समयपछि वेत्रावती प्रहरी चौकीबाट समेत माइकिङ भयो, 'बाढी आउँदैछ, सुरक्षित स्थानमा जानुहोस्, धेरै ठूलो बाढी आउँदैछ।'

चित्रकलामा आफ्नो छुट्टै पहिचान बनाउनुभएका डङ्गोल सामाजिक क्षेत्रमा पनि सक्रिय हुनुहुन्थ्यो । उहाँले वेत्रावती बजारका स्थानीयलाई पसल तथा व्यवसाय बन्द गरी सुरक्षित स्थानमा जान आग्रह गर्नुभयो। तर, अरूलाई सुरक्षित हुन आग्रह गरिरहनुभएका उहाँ स्वयं भने बाढीको अवस्था हेर्न नदी किनारतर्फ लाग्नुभयो । नदीतर्फ पुग्न नपाउँदै चारैतिरबाट आएको भेलले उहाँलाई घेर्यो। 'बाढी हेर्न नदीतर्फ जाँदै थिएँ, एक्कासी चारैतिरबाट आएको बाढीले छोप्यो । केही सेकेन्डले ज्यान बच्यो,' डङ्गोलले भन्नुभयो।

बाढीमा परेर उहाँको खुट्टाको मांसपेशी च्यातिएको छ । तर, शारीरिक चोटभन्दा आफ्नै आँखाअगाडि साथीभाइ र छिमेकीलाई त्रिशूलीले बगाएको दृश्यले उहाँलाई पीडा दिएको छ । 'आँखैअगाडि आफ्ना साथी र छिमेकीलाई त्रिशूलीले बगाएर लग्यो। त्यो दृश्य जीवनमा कहिल्यै बिर्सन सक्दिन,' भावुक हुँदै उहाँले भन्नुभयो, 'ठूलो बाढी आउँदैछ भन्ने थाहा थियो, तर कत्रो ठूलो भन्ने थाहा भएन।'

**अरूलाई खबर गर्न दौडिँदा आफ्नै परिवार गुमाएँ**

रसुवाको उत्तरगया गाउँपालिका–१ तिरुका कर्मा तामाङको पीडा अझ गहिरो छ । गोरखा भूकम्पले विस्थापित गरेपछि उहाँ पछिल्लो १० वर्षदेखि उत्तरगया–५ स्थित त्रिशूली नदीकिनारको खाल्डेमा बस्दै आउनुभएको थियो।

गत भदौ १० गते टिमुरेबाट बाढी अघि बढेको खबर पाएपछि उहाँ खाल्डे र नजिकैको सातबिसेमा बस्ने २५० भन्दा बढी परिवारसम्म खबर पुर्याउन दौडिनुभयो । तर, सूचना फैलाउन थालेको करिब १० मिनेट नबित्दै बाढी बस्तीमा आइपुग्यो।

उहाँले भेलबाट भागेर ज्यान त बचाउनुभयो, तर बुबाआमा, श्रीमतीसहित परिवारका १५ सदस्य गुमाउनुभयो। उक्त बस्तीका १०० भन्दा बढी हराइरहेका छन् । 'ठूलो बाढी आउँदैछ भन्ने थाहा थियो। तर, कत्रो ठूलो बाढी हो भन्ने अनुमान भएन। पोहोर (विसं २०८२ असार २४ गते)को जत्रै होला, बाढी आउन बेर लागिहाल्छ भन्ने थियो, सास फेर्न नपाउँदैमा छोपिहाल्यो,' तामाङले भन्नुभयो।

**सूचना पुग्यो, तर जोखिमको आकार बुझिएन**

भदौ १० गतेको बाढी रसुवागढी, घट्टेखोला हुँदै टिमुरेबाट तल्लो तटीय क्षेत्रमा अत्यन्त तीव्रगतिमा फैलिएको थियो । टिमुरेबाट बाढीको सूचना त्रिशूली नदीकिनारका बासिन्दासम्म पुगे पनि त्यसले पुर्याउने क्षतिको अनुमान कल्पनाभन्दा धेरै गुणा ठूलो बन्यो।

विदुर–१ ढुङ्गेका विष्णु श्रेष्ठका अनुसार २०१८ सालतिर पनि त्रिशूलीमा ठूलो बाढी आएको कुरा हजुरबुबाले सुनाउनुभएको थियो। त्यसबेला मानवीय भएन, भौतिक क्षति सामान्य रहेको उहाँको स्मरण छ । 'हजुरबुबाले २०१८ सालमा ठूलो बाढी आएको सुनाउनुहुन्थ्यो। अहिले त त्रिशूली नदीबाट करिब ३०० मिटर पर र झन्डै १०० मिटर उचाइमा रहेको मेरो चार रोपनी धानखेत बगर बनायो,' श्रेष्ठले भन्नुभयो।

बाढी आउँदैछ भन्ने खबर थाहा पाए पनि यति ठूलो विध्वंस होला भन्ने धेरैलाई लागेन । टिमुरे, स्याफ्रुबेँसी, मैलुङ, शान्तिबजार, वेत्रावती, तुप्चे, त्रिशूली र देवीघाटलगायतका नदी आसपासका बस्ती बाढीले निमेषभरमै सिध्यायो।

नुवाकोटका प्रमुख जिल्ला अधिकारी शम्भुप्रसाद रेग्मीका अनुसार बाढीको सूचना प्रवाह भए पनि त्यसको गम्भीरता बुझाउन चुनौती देखिएको स्मरण गर्नुहुन्छ। उहाँका अनुसार विपद्का बेला सूचना समयमै पुग्नु जति महत्त्वपूर्ण छ, त्यसको गम्भीरता बुझेर तत्काल सुरक्षित स्थानमा पुग्नु पनि उत्तिकै आवश्यक हुन्छ।

'सफा मौसम, घाम लागिरहेको वातावरणमा ठूलो बाढी आउँदैछ भनेर प्रवाह गरिएको सूचनालाई धेरैले पत्याउन र बुझ्न सकेनन्,' प्रजिअ रेग्मीले भन्नुभयो, 'मानवीय क्षति कम गराउन सूचना कति छिटो पुग्यो भन्नेमात्र होइन, सूचनाको गम्भीरता कति बुझियो भन्ने विषय पनि उत्तिकै महत्त्वपूर्ण हुने गर्दछ।'

भोटेकोशी बाढीले विपद्का बेला सूचना प्रवाहसँगै त्यसको गम्भीरता बुझेर पालना गर्नु पनि उत्तिकै महत्त्वपूर्ण हुने देखाएको छ। बाढी आउँदैछ भन्ने सूचना प्राप्त गरे पनि त्यसलाई सामान्य रूपमा लिँदा सुरक्षित स्थानमा पुग्न सक्ने अवसर धेरैले गुमाए। त्यसैले विपद्को पूर्वसूचना पाउनेबित्तिकै त्यसको गम्भीरता बुझेर सावधानी अपनाउनु र सुरक्षित स्थानतर्फ जानु आवश्यक हुन्छ।

# न्युयोर्कमा राष्ट्रसङ्घीय महाभेला जम्मा हुँदै विश्वका नेताहरु

मधुकर अधिकारी/रासस

आइतबार बिहान न्युयोर्कको मौसममा अचानक परिवर्तन आयो, बिहानैदेखि सिमसिम पानी पर्न थाल्यो। यतिखेर यहाँको मौसम हल्का चिसो हुँदै गएको छ।

तर, यहाँ मङ्गलबारदेखि संयुक्त राष्ट्रसङ्घको महासभामा उच्चस्तरीय राजनीतिक सम्बोधन सुरु हुने भएकाले राजनीतिक एवं कूटनीतिक माहोल भने तात्दै छ। उक्त सम्मेलनमा १३० देशका सरकार प्रमुखले सम्बोधन गर्ने राष्ट्रसङ्घका प्रवक्ताले यस अगाडि जानकारी दिइसक्नुभएको छ।

यतिखेर न्युयोर्क सहरका अधिकांश होटलहरु भरिभराउ छन्। होटलका परिसर तथा वरपरसमेत महासभामा सहभागी हुन आएका विभिन्न देशका प्रतिनिधिहरुको चहलपहल देखिन्छ । विभिन्न देशका र अमेरिकाकै पनि अन्यत्र ठाउँबाट आएका मिडियाकर्मीहरुको पनि यतिखेर यहाँ भिडभाड देखिन्छ । राष्ट्रसङ्घीको महासभाको समाचार सङ्कलनका लागि उनीहरु खटिएर आएका र आफ्ना काम सुरु गरिसकेका छन्।

समाचारमा जनाइएअनुसार सोमबार नै अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्प वाशिङ्गटन डिसीबाट न्युयोर्क आइपुग्नुहुने कार्यतालिका रहेको छ। यसैगरी इजरायलका प्रधानमन्त्री वेन्जामिन न्यातन्याओ लगायतका नेताहरु न्युयोर्क आइपुग्दैछन्।

विश्वभरिका शासकदेखि प्रशासकसम्म अभियन्तादेखि पत्रकारसम्म अमेरिकाको वित्तीय राजधानी रहेको न्युयोर्कमा आगामी दश दिनसम्म खचाखच रुपमा भरिनेछन् । विदेशी विशिष्ट पाहुनाहरु र त्यसमाथि पनि सरकार प्रमुखहरुको बसाइ यही एक माइलभित्र रहेका सुविधा सम्पन्न र विश्वकै महङ्गा होटलहरुमा रहने गरेका छन्। तीमध्ये मिलेनियम हिल्टन न्युयोर्क वान युएन प्लाजा, द वेष्टटिन न्यूयोर्क ग्राण्ड सेन्ट्रल वालड्रफ अष्टोरिया न्यूयोर्क, हयाट ग्राण्ड सेन्ट्रल लगायतका होटेलहरुमा बुकिङका लागि बन्द गरिएको छ। यस अगाडि बुकिङ भइसकेका या कतिपय मिशनहरु (राष्ट्रसङ्घका लागि दूतावास) अग्रिम बुकिङ गरिसकेका छन्।

यतिखेर ती होटलका कर्मचारीहरुलाई भ्याइ नभ्याइ रहेको देखिएको छ । उनीहरु पनि पाहुनाहरुको सहयोगका लागि तत्परताका साथ लागिपरेका देखिन्छन्। उनीहरु कुनै पनि पाहुनाको लागि सहयोग गर्न उत्तिकै तयारी अवस्थामा रहेका छन्। त्यसो त न्युयोर्कको पर्यटन सिजन समर भएपनि सेप्टेम्बरदेखि डिसेम्बरसम्म निकै चहल पहल देखिन्छ।

अहिले राष्ट्रसङ्घको मुख्यालयमा वरिपरि पैदल हिड्न बन्द गरिएको छ भने न्युयोर्क पुलिसले ठूलो संख्यामा क्याडेट परिचालन गरिसकेको छ । यहाँ वरपर भारी संख्यामा ब्यारियरहरु राखिएको छ । उच्चस्तरीय सप्ताह भएकाले कारगेड, स्कर्टिङ्ग गर्नेदेखि पाहुनाहरुलाई होटल र एयरपोर्टसम्म पुरयाउन कतिपय बाटोहरु एकतर्फी आवागमन र कतिपय बन्द गरिएको छ । राष्ट्रसङ्घले नै भिजिटरहरुको लागि अक्टोबर १२ सम्मलाई बन्द गरेको छ।

यहाँ आवागमनका लागि बाटोहरु बन्द भएपनि सर्वसाधारणका लागि भने अण्डर ग्राउण्डबाट चल्ने रेलवे सिष्टम भएकाले आफ्ना काममा आवात जावत गर्न लागि गाह्रो हुँदैन।

मुख्य रुपमा मिड म्यान हटन, युनाइटेड नेशन हेडक्वार्टर लगायतका सडक बन्द गरेर सार्वजनिक कार्यक्रमहरुको अयोजना गर्न पनि रोक लगाइएको छ । न्युयोर्क सिटीकी पुलिस कमिशनर जेसिका टिश्चले संवाददाताहरुसँग कुरा गर्दै भन्नुभयो— न्युयोर्क पुलिस डिपार्टमेन्ट पूर्ण रुपमा तयार र सतर्क रहेका छौँ।

न्युयोर्कको एक स्थानीय होटलमा कार्यरत समिर पाँडेका अनुसार यहाँका होटलहरुमा सबैभन्दा व्यस्त सिजन सेप्टेम्बर नै हो, तर हामीहरुलाई महासभामा भाग लिन आउनेहरुको विषयमा स्पेशल भनेर भनिएको हुँदैन । उहाँका अनुसार यो समयमा होटेलहरुको उच्च दरको वुकिङ्ग भएकाले मूल्य पनि महङ्गो पर्ने हुन्छ। त्यसैले तीन महिना अगाडि बुकिङ गरेको खण्डमा किफायति मूल्यमा होटल प्राप्त गर्न सकिन्छ।

म्यानहटनमा नै खुद्रा पसल चलाएर बसेका ओमप्रकाश खण्डेवाल यो समयमा उपहारका सामानहरुको व्यापार बढी हुने बताउनुहुन्छ । उहाँले विगत एक दशकमा सेप्टेम्बर महिनामा जहिले पनि व्यापार वढी हुने तथ्याङ्क आफूसँग रहेको बताउनुहुन्छ।

न्युयोर्कमा नै बसेर उवर चलाउँदै आउनुभएका तिलक गुरुङका अनुसार यो सिजनमा धेरै स्थानमा अवरोध हुने भएकाले छोटो यात्रालाई पनि लामो समय लाग्ने, अन्तिम समयमा रुट परिवर्तन गराइदिने गरेकाले हैरानी त हुन्छ। गुरुङ्गका अनुसार यो समयमा सबवे (रेल) बाट यात्रा गर्दा धेरै सजिलो र किफायति हुन्छ।

संयुक्त राष्ट्रसङ्घको मुख्यालय न्युयोर्कमा जारी महासभा आगामी २९ सेप्टेम्वरसम्म जारी रहनेछ । यसपटकको महासभाको 'विश्वासको पुर्नस्थापना, रुपान्तरणको व्यवस्थापनः सबैको लागि कार्य गर्ने संयुक्त राष्ट्रसङ्घ' भन्ने नारा रहेको छ।

नेपालको तयारी

न्युयोर्कस्थित नेपालको संयुक्त राष्ट्रसङ्घका लागि स्थायी नियोगका अनुसार प्रधानमन्त्री वालेन्द्र शाहले महासभाको ८१औँ सेसनलाई २४ सेप्टेम्बरमा सम्बोधन गर्नुहुने छ । यस सम्बोधनका लागि आवश्यक सम्पूर्ण तयारी पूरा भएको छ । यसैगरी परराष्ट्रमन्त्री शिशिर खनाल सोमबार महासभामा भाग लिनका लागि न्यूयोर्क आइपुग्नुहुने छ।

भोटेकोशी बाढीका कारण नेपालले निकै ठूलो क्षति व्यहोर्नुपरेकाले यस पटकको महासभामा नेपालमाथि नै विश्वको ध्यान पुग्ने देखिएको छ । त्यसैले पनि यो महासभामा नेपालको सहभागिता र उपस्थिति महत्वपूर्ण रहेको छ।

महासभाको एक मुख्य एजेण्डा नै जलवायु परिवर्तन हो। यसलाई नेपालले मुख्य रुपमा प्रभावित देशको उदाहरण सहित आफ्नो आवाजलाई वुलन्द बनाउन सक्नेछ । एकातिर विश्व जगतले समुन्द्रको सतह बढ्ने र त्यसले मानवीय, ऊर्जा, पूर्वाधारको क्षति वढाउने भन्दै चिन्ता व्यक्त गरिरहेका छन् । अर्कातर्फ विश्वका उच्च शिखरहरु मध्ये नेपालका आठ शिखर पग्लिदै गएर अन्तत्वगत्वा समुन्द्र सतह वृद्धि नै हुनेछ । त्यसैले नेपालले आयोजना गर्ने 'सगरमाथा टु दि सी लेभल' भन्ने नाराका साथ 'साइडलाईन इभेन्ट' महत्वपूर्ण हुने नै छ।

त्यसमाथि नेपालले हरित ग्याँस उत्सर्जनमा कम योगदान तर क्षतिमा बढी व्यहोर्नु परेकाले हानी नोक्सानीको विषयमा पनि विश्वको ध्यान आकर्षित गर्ने नै छ। विश्वका विकसित देशहरुले यसमा योगदान गर्ने कोष बढाउन दबाब दिने यो समय उपयुक्त भएकाले राष्ट्रसङ्घका अधिकारीहरु नै यसलाई जोडतोडका साथ उठाइरहेका छन्।

संयुक्त राष्ट्रसङ्घका महासचिव एन्टोनियो गुटेरेसले जलवायु परिवर्तनले देशहरु र मानिसहरुको जीवनमा पार्ने असर निकै खराब हुँदै गएको र यसको पछिल्लो प्रमाण नेपालको घटना हो भन्नु भएको थियो।

गत बुधबार मात्रै पनि संयुक्त राष्ट्रसङ्घको मुख्यालय न्युयोर्कमा ८१औँ महासभाको उच्चस्तरीय सप्ताह सुरु हुन लागेको पूर्वसन्ध्यामा आयोजित पत्रकार सम्मेलनलाई सम्बोधन गर्दै महासचिव गुटेरेसले उक्त धारणा राख्नु भएको हो।

संवाददाताहरुले उच्चस्तरीय बैठकहरुमा नेपालमा हालै आएको विपद् र विश्वव्यापी तापक्रम वृद्धिको सम्वन्धमा कुनै ठोस नतिजाको अपेक्षा गर्न सकिन्छ भन्ने प्रश्नको जवाफ दिँदै महासचिव गुटेरेसले अगाडि थप्नु भयो– तीन वर्ष अगाडि म अन्नपूर्ण र सगरमाथाका हिमनदीहरुमा गएको थिएँ, त्यति बेला नै मैले भनेको थिएँ कि अवस्था निकै खराब हँुदै गइरहेको छ र कुनै पनि विनाशकारी घटना घट्न सक्छ र अहिले त्यस्तै भएको छ।

महासचिव गुटेरेसले जलवायु परिवर्तनले देशहरुको अवस्था अझै विग्रन सक्ने भन्दै सचेत रहनसमेत आग्रह गर्नुभएको छ। यसैले यस पटकको महासभामा नेपालले जलवायु न्याय के कति मात्रामा प्राप्त गर्न सफल हुन्छ भन्ने त भविष्यको विषय हो तर नेपालले आफनो भनाई राख्नका लागि उपयुक्त अवसर भने अवश्य प्राप्त गरेको छ। आशा गरौँ अरु महासभा भन्दा नेपालले यो महासभाबाट बढी भन्दा बढी लाभ लिन सफल होस्।

समयमा नै सचेतता नअपाउने हो भने सेप्टेम्बरमा सिमसिम परेको पानीजस्तै झन् बढ्दै जाने र दुई दशकपछि हिमपात भएर राष्ट्रसङ्घको महासभालाई नै अवरोध पुर्याउने पो हो कि ? त्यसैले जलवायु परिवर्तन जस्तो गम्भीर समस्याले विश्वको मानचित्रमा नै धक्का दिने भएकाले यसमा विश्वभरका सरकार प्रमुखहरुले प्रतिवद्धता अनुसारको काम गरेर भावी पिँढीका लागि सवल र सक्षम पृथ्वी हस्तान्तरण गर्न सफलता मिलोस्।

मधेशदृष्टि दैनिकमा समाचार सामग्री, लेख, विचार र टिप्पणी madheshdristi@gmail.com मा इमेल पठाउन सक्नुहुनेछ। मधेशदृष्टि दैनिक राससको नियमित ग्राहक हो। बिहान ४:५० बजे नै www.emadheshdristi.com मा पत्रिकाको पिडिएफ उपलब्ध छ।

# स्वर्ण जयन्तीको अवसरमा

## जनकपुरधाममा ई–लाइब्रेरी स्थापना गर्ने



**मधेशदृष्टि**
**जनकपुरधाम।**
लायन्स क्लब अफ जनकपुरधामले आफ्नो स्वर्ण जयन्ती समारोहको अवसरमा जनकपुरधाममा सुविधासम्पन्न ई–लाइब्रेरी (डिजिटल पुस्तकालय) स्थापना गर्ने भएको छ । ई–लाइब्रेरी स्थापनाका लागि लायन्स क्लब अफ जनकपुरधाम र मैथिली विकास कोषबीच सोमबार सम्झौता भएको हो । सम्झौतामा लायन्स क्लब अफ जनकपुरधामका अध्यक्ष प्रसून मिश्र र मैथिली विकास कोषका अध्यक्ष जीवनाथ चौधरीले हस्ताक्षर गरेका छन्।

सम्झौताअनुसार सञ्चालनमा आएपछि ई–लाइब्रेरीमार्फत पाठकले डिजिटल माध्यमबाट पुस्तक तथा विभिन्न ज्ञानवर्धक सामग्रीमा पहुँच पाउनेछन् । यसबाट पठन संस्कृतिको विकाससँगै ज्ञान र प्रविधिको प्रयोगलाई समेत प्रोत्साहन पुग्ने अपेक्षा गरिएको छ । सम्झौता कार्यक्रममा लायन्स क्लब अफ जनकपुरधामका पदाधिकारी हरि राउत, विद्याकर साह, निर्मल सिंघानिया, दीपेन्द्र सिंह र लक्ष्मीनारायण साहको सहभागिता थियो । कार्यक्रममा ई–लाइब्रेरी सफ्टवेयर डेभलपर विदेह सिस्टम्स प्रालिका वात्स्यायन, मैथिली विकास कोषका सदस्य सचिव श्यामसुन्दर शशी तथा कोषका मिडिया प्रभारी शिवम पाण्डेको पनि उपस्थिति थियो।

लायन्स क्लब अफ जनकपुरधामका संस्थापक अध्यक्ष डा. जयबल्लभ दास हुन् । संस्थाको नेतृत्व गर्दै डा. रामकेवल साह, डा. विजयकुमार सिंह, प्रा. रामकुमार यादव, रामबाबु गुप्ता र कौशल किशोर सर्राफलगायतले सामाजिक सेवा तथा संस्थागत विकासमा योगदान पु¥याउँदै आएका छन् । लायन्स क्लब र मैथिली विकास कोषबीचको सहकार्यमा स्थापना हुन लागेको ई–लाइब्रेरीलाई ज्ञान, प्रविधि तथा मैथिली भाषा र संस्कृतिको संरक्षण एवं प्रवद्र्धनसँग जोडिएको पहलका रूपमा हेरिएको छ । यसले जनकपुरधामको अध्ययन तथा अनुसन्धानको वातावरणलाई थप प्रविधिमैत्री बनाउन सहयोग पुग्ने अपेक्षा गरिएको छ।

# प्रदीप यादवको चिया संवाद कार्यक्रम

**मधेशदृष्टि**
**वीरगंज।**
वीरगंज महानगरपालिका वडा नम्बर १५ मा पूर्वमन्त्री तथा नेता प्रदीप यादवको 'चिया संवाद' कार्यक्रम सम्पन्न भएको छ।

कार्यक्रममा स्थानीय अगुवा, नेता तथा कार्यकर्ताहरूसँग भेटघाट गर्दै स्थानीय समस्या, जनताको आवश्यकता, जनचासो तथा समसामयिक राजनीतिक विषयमा छलफल गरिएको थियो।

भेटघाटमा पुरुषोत्तमलाल झा, जिल्ला समन्वय समिति पर्साका प्रमुख अजय सर्राफ, वडा अध्यक्ष रमेश यादव, हृदयनारायण सर्राफ, ईश्वरचन्द्र यादव लगायत स्थानीय अगुवा तथा कार्यकर्ताहरूको सहभागिता रहेको थियो । सो क्रममा स्थानीयस्तरमा देखिएका समस्या र जनताका अपेक्षाबारे जानकारी लिँदै आगामी दिनमा प्राथमिकताका साथ सम्बोधन गर्नुपर्ने विषयमा छलफल भएको थियो।

# प्राचीन दक्षिण हनुमान मन्दिरमा चोरी

**मधेशदृष्टि**
**वीरगंज।**
भारत–नेपाल सीमा क्षेत्रमा रहेको भारतीय राजदूतावास परिसरस्थित प्राचीन दक्षिण हनुमान मन्दिरमा चोरी भएको छ । आइतबार राति मन्दिरको ताला तोडेर चोरहरूले भगवान हनुमानको मुकुट, चरण पादुका र दानपेटिका चोरी गरेका हुन् । चोरी भएको सूचना पाएलगत्तै घटनास्थल पुगेको प्रहरीले मन्दिर तथा आसपासको क्षेत्रको निरीक्षण गर्दै सीसीटीभी फुटेजको अनुसन्धान सुरु गरेको छ । कस्टम चौक तथा आसपासमा जडान गरिएका सीसीटीभी क्यामेराको फुटेजसमेत प्रहरीले अध्ययन रहेको छ । हरैया थाना अध्यक्ष किशन कुमारका अनुसार घटनाको अनुसन्धान भइरहेको छ । सीसीटीभी फुटेजका आधारमा चोरीमा संलग्न व्यक्तिको पहिचान गर्ने प्रयास भइरहेको प्रहरीले जनाएको छ।

# पोखरीमा वेपत्ता भएका ठाकुर मृत फेला

**मधेशदृष्टि**
**सर्लाही।**
सर्लाहीको लालबन्दी नगरपालिका–१२, जियाजोरमा पोखरीमा डुबेर बेपत्ता भएका १५ वर्षीय बालक राजु ठाकुर मृत फेला परेका छन्।

लालबन्दी–११, हीरापुर निवासी देवेन्द्र ठाकुरका छोरा राजु आइतबार अपराह्न पोखरीमा डुबेर बेपत्ता भएका थिए।

नेपाल प्रहरी र सशस्त्र प्रहरीको संयुक्त गोताखोर टोलीले सोमबार दिउँसो साढे १२ बजे उनको शव फेला पारेको हो । सशस्त्र प्रहरीको छिन्नमस्ता बाहिनीबाट समेत गोताखोर टोली परिचालन गरी खोजी गरिएको थियो । मृतकको शव पोस्टमार्टमका लागि प्रादेशिक अस्पताल मलङ्गवा पठाइएको प्रहरीले जनाएको छ।

# हेटौडा नयाँ बस्तीमा ट्रक दुर्घटना

**मधेशदृष्टि**
**हेटौडा।**
महेन्द्र राजमार्ग अन्तर्गत मकवानपुरको हेटौंडा उपमहानगरपालिका–१५ नयाँबस्तीमा ट्रक दुर्घटना भएको छ । सोमबार बिहान साढे ४ बजेको समयमा मधेश प्रदेश ०३–००१ख ९०६८ नम्बरको टेलर गाडी अनियन्त्रित भएर सडकदेखि १० फिट तल खोलामा पल्टिएर दुर्घटना भएको प्रहरीले जनाएको छ।

वीरगंजबाट स्याउ लोड लिएर काठमाडौं तर्फ जाँदै गरेको गाडी चालक निदाएको कारण अनियन्त्रि पल्टिँदा चालक र सहचालक घाइते भएका छन् । घाइते हुनेमा ट्रकका चालक पर्साको वीरगंज महानगरपालिका–२१ परवानीपुरका २५ वर्षीय नरेश महतो र सोही ठाउँका सहचालक २८ वर्षी रमेश कुशवाह रहेका छन् । दुवै जनालाई उद्धार गरी उपचारका लागि हेटौंडा अस्पताल पठाइएको प्रहरीले जनाएको छ।

नेपाल प्रहरी र सशस्त्र प्रहरीको संयुक्त गोताखोर टोलीले सोमबार दिउँसो साढे १२ बजे उनको शव फेला पारेको हो । सशस्त्र प्रहरीको छिन्नमस्ता बाहिनीबाट समेत गोताखोर टोली परिचालन गरी खोजी गरिएको थियो । मृतकको शव पोस्टमार्टमका लागि प्रादेशिक अस्पताल मलङ्गवा पठाइएको प्रहरीले जनाएको छ।

### शिक्षा, स्वास्थ्य र कृषिमा प्रदेशको अधिकार

# कायम गर्न संविधान संशोधन आवश्यकः सभामुख



**मधेशदृष्टि**
**जनकपुरधाम।**
मधेश प्रदेशसभाका सभामुख रामअशिष यादवले शिक्षा, स्वास्थ्य र कृषिसहितका महत्वपूर्ण विषयमा प्रदेश सरकारको प्रत्यक्ष अधिकार कायम गर्न संविधान संशोधन आवश्यक रहेको बताएका छन्।

जनकपुरधाममा मधेश प्रदेशसभाले आयोजना गरेको युवामाझ संसदीय प्रणाली र लोकतन्त्रबारे जानकारी तथा बुझाइ अभिवृद्धि गर्ने उद्देश्यले आयोजित अन्तरक्रिया तथा अभिमुखीकरण कार्यक्रममा सभामुख यादवले नेपालको संविधानले आधारभूतदेखि माध्यमिक तहसम्मको शिक्षाको जिम्मेवारी स्थानीय तहलाई दिएको उल्लेख गर्दै प्रदेश सरकारको प्रत्यक्ष प्रभाव सीमित रहेको बताए।

उनले संविधानको अनुसूची–८ मा आधारभूत तथा माध्यमिक तहसम्मको शिक्षा स्थानीय तहको अधिकारमा राखिएको भन्दै स्थानीय तहको राजनीतिक तथा प्रशासनिक संरचनाका कारण शिक्षाको आधारभूत तह अपेक्षाकृत कमजोर रहेको तर्क गरे । प्रदेश सरकारको लगानीसमेत कतिपय अवस्थामा संयुक्त राष्ट्रसंघीय निकाय, सेभ द चिल्ड्रेन र युनिसेफजस्ता दातृ निकायले गरिरहेका कामसँग सीमित हुन पुगेको उनले बताए।

सभामुख यादवले प्रदेशमा शिक्षा, स्वास्थ्य र कृषिको जिम्मेवारी प्रदेश सरकार मातहत स्पष्ट रूपमा आए मात्रै प्रदेश सरकारको औचित्य र भूमिका थप प्रभावकारी देखिने बताए । कार्यक्रममा 'संसदीय पहुँच प्रवद्र्धन तथा सार्वजनिक सुनुवाई परियोजना'अन्तर्गत 'युवा केन्द्रित संसदीय पहुँच प्रवद्र्धन' कार्यक्रमको उद्देश्यबारे युएनडीपी संसद सहयोग परियोजनाका संसदीय अधिकारी बिटुबाबु श्रीवास्तवले जानकारी दिए।

पिपुल प्रमोट सेन्टरका अध्यक्ष कमलेश मण्डलका अनुसार कार्यक्रममा युवाहरूलाई संसदीय प्रणाली, लोकतान्त्रिक अभ्यास, प्रदेशसभा तथा यसको कामकारबाहीका विषयमा जानकारी गराइएको थियो । कार्यक्रमको उद्देश्य युवाहरूलाई संसदीय अभ्याससँग जोड्दै लोकतान्त्रिक प्रक्रियाप्रति उनीहरूको बुझाइ र सहभागिता अभिवृद्धि गर्नु रहेको आयोजकले जनाएको छ।

# सप्ताहव्यापी रक्तदान अभियानः ८ महिलासहित ६६ जनाद्वारा रक्तदान

**मधेशदृष्टि**
**वीरगंज।**
तेरापन्थ युवक परिषद् वीरगंजले आयोजना गरेको सप्ताहव्यापी रक्तदान अभियानअन्तर्गत सोमबार वीरगंजमा ८ महिलासहित ६६ जनाले रक्तदान गरेका छन्।

आदर्शनगरस्थित स्काई मलमा राउन्ड टेबल बीआरटी–३ को सहकार्यमा आयोजित कार्यक्रममा विभिन्न क्षेत्रका युवायुवती तथा सामाजिक अभियन्ताहरूले रक्तदान गरेका हुन्। वीरगंजस्थित रक्तसञ्चार केन्द्रमा देखिएको रगतको अभाव पूर्ति गर्ने उद्देश्यले अभियान सञ्चालन गरिएको परिषद्का अध्यक्ष सुनिल दुगडले बताए।

अभियानअन्तर्गत मंगलबार किरण आँखा अस्पतालको सहयोगमा अस्पताल परिसरमा रक्तदान कार्यक्रम आयोजना गरिने जनाइएको छ।

त्यसपछि विभिन्न अस्पताल, विद्यालय, कलकारखाना तथा संघसंस्थामा समेत रक्तदान कार्यक्रम सञ्चालन गरिने आयोजकले जनाएको छ।

# सवारी दुर्घटनामा एकजनाको मृत्यु

**मधेशदृष्टि**
**कलैया।**
बाराको जितपुरसिमरा उपमहानगरपालिका–८ स्थित आरएमसी कम्पनी नजिकै सवारी दुर्घटनामा परी गम्भीर घाइते भएका एक युवकको उपचारका क्रममा मृत्यु भएको छ।

रमौलीबाट जितपुरतर्फ आउँदै गरेको मोटरसाइकलमा पछाडि सवार जितपुरसिमरा–८ का २४ वर्षीय राजु सहनी बाटोमा अचानक सर्प देखिएपछि अत्तालिएर मोटरसाइकलबाट हाम फालेका थिए । हाम फाल्दा उनी गम्भीर घाइते भएका थिए । घटनालगत्तै उनलाई उपचारका लागि काठमाडौंस्थित न्यूरो अस्पताल लगिएको थियो।

अस्पतालमा सघन उपचार भइरहेकै अवस्थामा चिकित्सकले गएराति १ बजे सहनीलाई मृत घोषणा गरेको प्रहरीले जनाएको छ।

# पत्रकार महासंघ पर्सा शाखाको ताला खुल्यो



**मधेशदृष्टि**
**वीरगंज।**
नेपाल पत्रकार महासंघ पर्सा शाखामा लगाइएको तालाबन्दी सहमति अनुसार खोलिएको छ।

महासंघका निवर्तमान अध्यक्ष एवं सञ्चारकर्मी अनुप तिवारीको संयोजकत्वमा रहेको सदस्यता शुद्धीकरण संघर्ष समिति र शाखा अध्यक्ष ओमप्रकाश खनालबीच सोमबार भएको सहमतिपछि ताला खोलिएको हो । सहमति अनुसार सदस्यता शुद्धीकरण तथा अभिलेखीकरणका लागि एक महिनाभित्र कार्यदल गठन गरिनेछ।

कार्यदललाई आवश्यक प्रक्रिया अघि बढाउन संस्थाका तत्कालीन निर्णय पुस्तिकालगायतका कागजात कार्यसमितिलाई उपलब्ध गराउने सहमति भएको छ।

सोही सहमतिबमोजिम नेपाल पत्रकार महासंघ पर्सा शाखामा लगाइएको ताला खोलिएको जनाइएको छ।

# निजगढ अन्तर्राष्ट्रिय विमानस्थल

## निर्माणको काम अघि बढाउन सरकारसँग माग



**मधेशदृष्टि**
**कलैया।**
बारा निर्वाचन क्षेत्र नम्बर ३ का सांसद अरविन्द साहले लामो समयदेखि अलपत्र निजगढ अन्तर्राष्ट्रिय विमानस्थल निर्माणको काम सार्वजनिक–निजी साझेदारी अर्थात् पीपीपी मोडेलमार्फत तत्काल अघि बढाउन सरकारसँग माग गरेका छन्।

सोमबार प्रतिनिधिसभाको बैठकमा बोल्दै सांसद साहले विमानस्थल निर्माणका लागि अध्ययन, मुआब्जा, तारबार तथा अन्य पूर्वाधारमा राज्यले अर्बौँ रुपैयाँ खर्च गरिसकेको बताए । उनले सुरुवाती चरणमा करिब ३ हजार हेक्टर क्षेत्रफलमा निर्माण सुरु गरी आवश्यकताअनुसार विस्तार गर्न सुझाव दिए।

सांसद साहले विमानस्थल निर्माणबाट प्रभावित स्थानीयलाई वैकल्पिक जग्गा र उचित क्षतिपूर्तिसहित सम्मानजनक पुनस्र्थापना गर्नुपर्नेमा जोड दिए । उनले लामो समयदेखि रोकिएको परियोजनाको ठोस निर्माण प्रक्रिया तत्काल अघि बढाउन सरकारको ध्यानाकर्षण गराए।

# हवाई फायर गरि गाँजासहित तीनजना पक्राउ



**मधेशदृष्टि**
पर्सामा प्रहरीले २ राउन्ड हवाई फायर गरेर ३३ किलो गाँजासहित तीन जनालाई पक्राउ गरेको छ।

पटेर्वासुगौली गाउँपालिका–१ मलाही टोलमा गए राति करिब १० बजे गाँजाको कारोबार भइरहेको सूचना पाएपछि प्रहरी निरीक्षक समुन्नत अधिकारीको कमान्डमा खटीएको प्रहरी टोलीले सो कारवाई गरेको हो।

प्रहरी टोलीले कारोबारीलाई नियन्त्रणमा लिने क्रममा २ राउन्ड हवाई फायर गरेको पर्सा प्रहरीका प्रवक्ता डीएसपी चक्रबहादुर मल्लले जानकारी दिएका छन् । पक्राउ पर्नेमा स्थानीय नन्दलाल सहनी, महेश सहनी र बुढी सहनी रहेका प्रहरीले जनाएको छ। उनीहरूको साथबाट करिब ३३ किलो गाँजा बरामद भएको प्रहरीले जनाएको छ।

# इनड्राइभको सेफ ड्राइभिङ कोर्स पूरा गर्ने ड्राइभर १,५०० नाघे




**मधेशदृष्टि**
**काठमाडौँ।**
विश्वव्यापी मोबिलिटी तथा डेलिभरी प्लेटफर्म इनड्राइभले नेपालमा सञ्चालन गरेको 'सेफ ड्राइभिङ अनलाइन कोर्स' पूरा गर्ने ड्राइभर पार्टनरको संख्या १ हजार ५ सय नाघेको छ । सडक सुरक्षा, व्यावसायिक आचरण र आपतकालीन अवस्थामा अपनाउनुपर्ने सुरक्षाका उपायबारे ड्राइभरलाई व्यावहारिक जानकारी दिने उद्देश्यले सञ्चालन गरिएको अनलाइन तालिममा हालसम्म १ हजार ५ सयभन्दा बढी ड्राइभर पार्टनर सहभागी भएर सफलतापूर्वक कोर्स पूरा गरेका हुन्।

मोबाइलबाटै करिब २० मिनेटमा पूरा गर्न सकिने गरी तयार गरिएको उक्त कोर्स सफलतापूर्वक पूरा गर्ने ड्राइभर पार्टनरलाई इनड्राइभले डिजिटल प्रमाणपत्रसमेत उपलब्ध गराउँदै आएको छ । छोटो समयमै पूरा गर्न सकिने भए पनि तालिमले ड्राइभरको दैनिक कार्यसँग प्रत्यक्ष सम्बन्धित सडक सुरक्षा र व्यावसायिक व्यवहारका विषयलाई प्राथमिकतामा राखेको कम्पनीले जनाएको छ । कोर्समा प्लेटफर्ममार्फत सेवा दिँदा अपनाउनुपर्ने सुरक्षा तथा व्यावसायिक सीमादेखि राइड–हेलिङ सेवाका लागि आवश्यक आधारभूत सडक सुरक्षा ज्ञानसम्मका विषय समेटिएका छन् । साथै, आपतकालीन अवस्थामा अपनाउनुपर्ने सावधानी, घटना रिपोर्ट गर्ने प्रक्रिया तथा इनड्राइभ एपमा उपलब्ध एसओएस सुविधाको प्रयोगबारे समेत जानकारी दिइएको छ।

इनड्राइभ नेपालकी सिनियर ड्राइभर अपरेसन्स स्पेसलिस्ट सुनिता जिमी राईले १ हजार ५ सयभन्दा बढी ड्राइभर पार्टनरले तालिम पूरा गरी प्रमाणपत्र प्राप्त गर्नु महत्वपूर्ण उपलब्धि भएको बताइन् । उनका अनुसार ड्राइभरहरू दैनिक लामो समय सडकमा रहने भएकाले उनीहरूलाई वास्तविक काममा उपयोगी हुने सुरक्षा जानकारी उपलब्ध गराउनु आवश्यक छ।

इनड्राइभ नेपालकी कम्युनिकेसन्स म्यानेजर मञ्जीता गुरुङले ड्राइभर पार्टनरले आफ्नो नियमित कामबाट धेरै समय छुट्याउन नपरोस् भन्ने उद्देश्यले कोर्सलाई छोटो, सरल र सहज बनाइएको बताइन् । ड्राइभरबाट प्राप्त प्रतिक्रियाले व्यावहारिक र बुझ्न सजिलो सुरक्षा तालिमले उनीहरूको दैनिक कार्यशैलीमा सकारात्मक प्रभाव पार्न सक्ने देखाएको उनको भनाइ छ।

**तीन मोड्युलमा सुरक्षा र व्यावसायिक व्यवहार**

इनड्राइभको 'सेफ ड्राइभिङ अनलाइन कोर्स'लाई तीन मुख्य मोड्युलमा विभाजन गरिएको छ । कोर्स 'ए' मा प्लेटफर्ममार्फत सेवा दिँदा यात्रुसँग सुरक्षित, सम्मानजनक र व्यावसायिक व्यवहार गर्ने तथा आवश्यक व्यावसायिक सीमा कायम राख्ने विषय समेटिएको छ।

कोर्स 'बी' मा राइड–हेलिङ सेवाका लागि आवश्यक आधारभूत सडक सुरक्षा ज्ञानमा जोड दिइएको छ । रक्षात्मक ड्राइभिङ, बढी ट्राफिक हुने क्षेत्र तथा अपरिचित स्थानमा अपनाउनुपर्ने सावधानी र दैनिक सडक सुरक्षाका अभ्यासबारे यस मोड्युलमा जानकारी दिइन्छ।

त्यस्तै, कोर्स 'सी' आपतकालीन अवस्था, घटना रिपोर्टिङ र एसओएस सुविधाको प्रयोगमा केन्द्रित छ । अचानक समस्या वा घटना उत्पन्न हुँदा कसरी शान्त र सुरक्षित रूपमा प्रतिक्रिया दिने तथा इनड्राइभ एपको एसओएस सुविधा कसरी प्रयोग गर्ने भन्ने विषय यसमा समेटिएको छ।

कोर्स पूरा गरेका मोटरसाइकल ड्राइभर पार्टनर विशाल पाख्रिनले दैनिक सडकमा हुने कामका क्रममा कहिलेकाहीँ बेवास्ता हुने सुरक्षा पक्षको महत्व तालिमले पुनः सम्झाएको बताए । विशेषगरी सडक सुरक्षा, आपतकालीन अवस्था र एसओएस सुविधासम्बन्धी जानकारी आफूलाई उपयोगी लागेको उनको भनाइ छ । त्यस्तै, क्याब ड्राइभर पार्टनर कमल घिमिरेले सुरक्षित ड्राइभिङमा सवारी चलाउँदा अपनाउने सावधानीसँगै यात्रुसँगको संवाद र व्यावसायिक व्यवहार पनि महत्वपूर्ण हुने कुरा तालिमबाट स्पष्ट भएको बताए।

इनड्राइभले ड्राइभर पार्टनरको सुरक्षा र व्यावसायिक विकासलाई ध्यानमा राख्दै आगामी दिनमा पनि यस्ता व्यावहारिक तालिम तथा सचेतनामूलक कार्यक्रमलाई निरन्तरता दिने जनाएको छ।

# मुख्य सडक विस्तारमा धार्मिक संरचना नभत्काइने, प्रभावित घरधनीलाई नक्सापासमा सहुलियत

**महावीरस्थानदेखि इदगाह र कबरगाहसम्मका धार्मिक सम्पदा यथास्थानमै राखेर सडक निर्माण अघि बढाइने मेयर सिंहको भनाइ।**






**मधेशदृष्टि**
**वीरगंज।**
वीरगंजको मुख्य सडक विस्तारका क्रममा सडक सीमाभित्र पर्ने धार्मिक तथा ऐतिहासिक महत्वका मठमन्दिर, मस्जिद तथा अन्य धार्मिक संरचना नभत्काइने भएको छ। धार्मिक सम्पदाको संरक्षण गर्दै सडक विस्तारको काम अघि बढाइने वीरगंज महानगरपालिकाका प्रमुख राजेशमान सिंहले बताए।

मुख्य सडक विस्तारबाट प्रभावित घरधनी तथा उनीहरूका प्रतिनिधिसँग सोमबार भएको छलफलमा मेयर सिंहले धार्मिक तथा ऐतिहासिक महत्वका संरचनालाई यथास्थानमै संरक्षण गर्ने गरी सडक निर्माण अघि बढाउन सम्बन्धित निकायलाई आग्रह गरिसकेको जानकारी दिए।

उनका अनुसार धार्मिक संरचनाको संरक्षणलाई समेत प्राथमिकतामा राखेर सडक विस्तारको विस्तृत परियोजना प्रतिवेदन (डीपीआर) तयार गरिएको छ। सडक विस्तारका क्रममा महावीरस्थान मन्दिर, बिर्ता मन्दिर, अलखियामठ तथा छपकैयास्थित इदगाह र कबरगाहलगायतका धार्मिक संरचना यथास्थानमै रहनेछन्।

प्रभावित घरधनीलाई नक्सापासमा छुट र सहुलियत

छलफलका क्रममा सडक विस्तारबाट प्रभावित घरधनीका समस्या तथा गुनासो सम्बोधन गर्दै मेयर सिंहले नयाँ संरचना निर्माणका क्रममा कायम गर्नुपर्ने ५ फिट सेडब्याकको व्यवस्थामा समेत पुनर्विचार गरिने बताए। मुख्य सडक क्षेत्रमा स्थानीयलाई आवश्यक सुविधा र सहजता उपलब्ध हुने गरी महानगरपालिकाले सहजीकरण गर्ने उनको भनाइ थियो। सडक विस्तारका कारण घर तथा संरचना प्रभावित भएका घरधनीलाई नयाँ भवन निर्माण गर्दा नक्सापासमा आवश्यक छुट तथा सहुलियत उपलब्ध गराउन महानगरपालिका तयार रहेको उनले स्पष्ट पारे। यसका लागि आगामी नगरसभाबाट आवश्यक निर्णय गराउने तयारी भइरहेको मेयर सिंहले जानकारी दिए।

**प्रभावित घरधनीले सुनाए समस्या**

भेटघाटमा सडक विस्तारबाट प्रभावित घरधनीका प्रतिनिधिहरूले आफूहरूले भोग्नुपरेका समस्या, सम्भावित क्षति तथा नयाँ संरचना निर्माणका क्रममा उत्पन्न हुन सक्ने व्यावहारिक कठिनाइबारे महानगर प्रमुखको ध्यानाकर्षण गराएका थिए। छलफलमा सज्जन घिरैया, ओमप्रकाश सिकारिया, सुमन क्याल, निरञ्जन चौधरी, प्रमोद सर्राफलगायत प्रभावित घरधनीका प्रतिनिधिहरूको सहभागिता रहेको थियो।

धार्मिक सम्पदाको संरक्षण र प्रभावित घरधनीका समस्यालाई सम्बोधन गर्दै मुख्य सडक विस्तार अघि बढाउने महानगरपालिकाको प्रतिबद्धताले लामो समयदेखि अन्योलमा रहेका सडक प्रभावित क्षेत्रका बासिन्दामा केही सहजताको अपेक्षा जगाएको छ।

## चिकित्सकमाथि हातपातः दुईजना पक्राउ




**मधेशदृष्टि**
**जनकपुरधाम।**
जनकपुरधामस्थित प्रादेशिक अस्पतालको बर्थिङ सेन्टरमा चिकित्सकमाथि हातपात गरेको आरोपमा प्रहरीले दुई जनालाई पक्राउ गरेको छ। पक्राउ पर्नेमा धनुषाको औरही गाउँपालिका–२ का २० वर्षीय विजय मुखिया र जनकपुरधाम उपमहानगरपालिका–८ की २६ वर्षीया सुधिरा मुखिया बिन रहेका छन्।

जिल्ला प्रहरी कार्यालय धनुषाका अनुसार २०८३ असोज १ गते साँझ करिब साढे ६ बजे बर्थिङका लागि अस्पताल आएकी महिलाका आफन्तहरूले अस्पतालमा कार्यरत चिकित्सक डा. सरोज साहमाथि हातपात गरेका थिए।

घटनाको सूचना पाएलगत्तै खटिएको प्रहरी टोलीले घटनामा संलग्न रहेको आरोपमा उनीहरूलाई नियन्त्रणमा लिएको हो। पक्राउ परेका दुवै जनालाई धनुषा जिल्ला अदालतबाट तीन दिनको म्याद थप गरी अनुसन्धान अघि बढाइएको प्रहरीले जनाएको छ। उनीहरूमाथि स्वास्थ्यकर्मी तथा स्वास्थ्य संस्थाको सुरक्षा सम्बन्धी ऐन, २०६६ को दफा ३(ग) अन्तर्गतको कसुरमा अनुसन्धान भइरहेको छ।

घटनामा संलग्न अन्य व्यक्तिहरूको समेत पहिचान तथा खोजतलास भइरहेको जिल्ला प्रहरी कार्यालय धनुषाका प्रवक्ता एवं सूचना अधिकारी प्रहरी नायब उपरीक्षक ओमप्रकाश खनालले जानकारी दिए।

प्रहरीका अनुसार स्वास्थ्यकर्मी तथा स्वास्थ्य संस्थाको सुरक्षासम्बन्धी ऐनअनुसार कसुर पुष्टि भएमा दोषीलाई तीन वर्षसम्म कैद वा तीन लाख रुपैयाँसम्म जरिवाना वा दुवै सजाय हुन सक्ने कानुनी व्यवस्था छ।

## जिराभवानीका दुई विद्यालयमा शिक्षक नियुक्तिमा ‘आर्थिक चलखेल’को आरोप, छानबिनको माग

**मधेशदृष्टि**
**वीरगंज।**
पर्साको जिराभवानी गाउँपालिकाका दुई विद्यालयमा राहत करार शिक्षक नियुक्तिका क्रममा लाखौँ रुपैयाँको आर्थिक चलखेल भएको आरोप सार्वजनिक भएको छ। शिक्षक नियुक्तिका लागि परीक्षार्थीसँग रकम असुली गरिएको दाबी गर्दै जिराभवानी गाउँपालिकाका युवा समाजले निष्पक्ष छानबिन गरी दोषी देखिएमा संलग्नमाथि कानुनी कारबाही गर्न माग गरेको छ।

जिराभवानी गाउँपालिका–स्थित श्री नेपाल राष्ट्रिय माध्यमिक विद्यालय, सेढवा बिर्तामा निम्न माध्यमिक तहको राहत करार शिक्षक नियुक्तिका लागि शनिबार परीक्षा सञ्चालन गरिएको थियो। तर, परीक्षा सम्पन्न हुनुअघि नै शिक्षक नियुक्तिका नाममा रकम लेनदेन भएको दाबी सार्वजनिक भएपछि उक्त नियुक्ति प्रक्रियामाथि प्रश्न उठेको हो। परीक्षार्थीहरूले सम्बन्धित निकायमा दिएको निवेदनमा विद्यालयका प्रधानाध्यापक खेमराज प्रसाद महतोले परीक्षा हुनुभन्दा करिब तीन महिनाअघि नै एक परीक्षार्थीसँग नियुक्तिका लागि ६ लाख रुपैयाँ लिएको आरोप लगाइएको छ। त्यस्तै, विद्यालय व्यवस्थापन समितिका अध्यक्ष अशोक महतोबाट समेत १ लाख रुपैयाँ रकम लिइएको जानकारी प्राप्त भएको जिराभवानी गाउँपालिकाका युवा समाजले जनाएको छ।

शिक्षक नियुक्तिजस्तो संवेदनशील प्रक्रियामा आर्थिक कारोबार भएको आरोप लागेपछि युवा समाजले छानबिनको माग अघि सारेको हो। समाजले नियुक्ति प्रक्रियामा आर्थिक चलखेल भए त्यसले योग्य उम्मेदवारको अधिकार कुण्ठित गर्नुका साथै निष्पक्ष छनोटको आधारमाथि नै गम्भीर प्रश्न खडा गर्ने जनाएको छ। युवा समाजले सम्बन्धित निकायमा बुझाएको निवेदनमा शिक्षक नियुक्तिका क्रममा रकम लिइएको वा नलिइएको विषयमा गहिरो अनुसन्धान गर्न माग गरिएको छ। सम्भावित आर्थिक कारोबारको विवरण परीक्षण गर्न तथा आरोप पुष्टि भएमा संलग्न व्यक्तिमाथि प्रचलित कानुनअनुसार कारबाही गर्नसमेत आग्रह गरिएको छ। त्यसैगरी, विद्यालयमा सञ्चालन गरिएको शिक्षक छनोट परीक्षाको प्रक्रिया, परीक्षा सञ्चालनसम्बन्धी निर्णय, उत्तरपुस्तिका, मूल्याङ्कन प्रणाली तथा नियुक्तिसँग सम्बन्धित आर्थिक कारोबारको समेत निष्पक्ष छानबिन गर्न युवा समाजले माग गरेको छ। नियुक्ति प्रक्रियामा पारदर्शिता कायम गर्दै योग्य उम्मेदवारको निष्पक्ष छनोट सुनिश्चित गर्न स्थानीय तह र सम्बन्धित शिक्षा निकायको ध्यानाकर्षण गराइएको समाजले जनाएको छ।

**जितपुर नौकाटोलाको शिक्षक नियुक्तिमा पनि लाखौँको लेनदेनको आरोप**

जिराभवानी गाउँपालिका–३ स्थित बितो महतो जनता माध्यमिक विद्यालय, जितपुर नौकाटोलामा समेत राहत करार शिक्षक नियुक्तिका क्रममा आर्थिक लेनदेन भएको आरोप लागेको छ। स्रोतका अनुसार माध्यमिक तहको राहत करार नेपाली विषयको शिक्षक नियुक्तिका क्रममा ७ लाख रुपैयाँसम्म रकम लेनदेन भएको दाबी गरिएको छ।

स्रोतले उक्त रकम विद्यालयका प्रधानाध्यापक रामाशंकर प्रसाद, विद्यालय व्यवस्थापन समितिका अध्यक्ष सिताराम राय थारु, गाउँपालिकाको शिक्षा शाखाका कर्मचारी तथा शिक्षा विकास तथा समन्वय इकाइ पर्साका प्रतिनिधिबीच बाँडफाँट भएको दाबी गरेको छ। दुई विद्यालयमा शिक्षक नियुक्तिका क्रममा आर्थिक अनियमितताको आरोप उठेपनि जिराभवानी गाउँपालिकाको शिक्षा शाखाले भने यस विषयमा औपचारिक उजुरी प्राप्त नभएको जनाएको छ। गाउँपालिकाका शिक्षा शाखा प्रमुख शिवराज फ्यूयालले शिक्षक नियुक्तिमा आर्थिक लेनदेन भएको सम्बन्धमा कार्यालयमा कुनै निवेदन वा उजुरी नआएको बताए। उनले अनुमानका आधारमा कसैमाथि आरोप लगाउन नहुने धारणा राख्दै आर्थिक लेनदेन भएको तथ्य र प्रमाण फेला परे सम्बन्धित व्यक्तिमाथि कानुनअनुसार कारबाही हुने स्पष्ट पारे। फ्यूयालले आफूलाई यससम्बन्धी कुनै गुनासो प्राप्त नभएको समेत बताए।

शिक्षक नियुक्तिमा लाखौँ रुपैयाँको चलखेल भएको आरोप सार्वजनिक भएपछि अब सम्बन्धित निकायले छानबिन अघि बढाउँछ वा आरोपहरू आरोपमै सीमित हुन्छन् भन्ने विषय चासोको केन्द्रमा परेको छ।

# डेढ वर्षदेखि अलपत्र रंगपुरको आधुनिक कृषि बजार सञ्चालनमा

**१ करोड ३० लाखको लागतमा बनेको कृषि बजारमा हाट सुरु, १९ लाखको चिस्यान केन्द्र पनि प्रयोगमा आउने।**



**मधेशदृष्टि**
**वीरगंज।**
निर्माण सम्पन्न भएर उद्घाटन भएको डेढ वर्षपछि पर्साको पटेर्वा सुगौली गाउँपालिका–२, रंगपुरस्थित आधुनिक कृषि बजार सञ्चालनमा आएको छ। किसानका उत्पादनको संकलन, बिक्री–वितरण तथा भण्डारणलाई सहज बनाउने उद्देश्यले निर्माण गरिएको कृषि बजार सोमबारदेखि औपचारिक रूपमा सञ्चालनमा ल्याइएको हो।

संघीय सरकारको कृषि तथा पशुपन्छी विकास मन्त्रालय र पटेर्वा सुगौली गाउँपालिकाको संयुक्त लगानीमा १ करोड ३० लाख रुपैयाँको लागतमा निर्माण गरिएको उक्त कृषि बजारको २०८१ फागुन ६ गते औपचारिक उद्घाटन गरिएको थियो।

तर, निर्माण सम्पन्न भएर उद्घाटन भएको लामो समयसम्म पनि आवश्यक काम पूरा नहुँदा बजार सञ्चालनमा आउन सकेको थिएन।

वडाध्यक्ष विजय गैरेका अनुसार केही अधुरा काम सम्पन्न गरिएपछि सोमबारदेखि नवनिर्मित संरचनामै कृषि बजार सञ्चालनमा ल्याइएको हो। बजार सञ्चालनको पहिलो दिन साना–ठूला गरी तरकारीका १२० वटा पसल थापिएको उनले जानकारी दिए।

- **सडकको हाट अब आधुनिक कृषि बजारमा**

वर्षौंदेखि रंगपुर बजारको सडकमा हरेक सोमबार र शुक्रबार लाग्दै आएको साप्ताहिक हाट अब नवनिर्मित कृषि बजार परिसरमा सञ्चालन हुने भएको छ। यसबाट सडकमा अव्यवस्थित रूपमा लाग्दै आएको हाटलाई व्यवस्थित बनाउन सहयोग पुग्ने अपेक्षा गरिएको छ।

वडाध्यक्ष गैरेले वडा नम्बर २ स्थित भुमरीमाई कृषि सहकारी संस्थालाई कृषि बजारको व्यवस्थापनको जिम्मेवारी दिएर सञ्चालनमा ल्याइएको बताए। उनका अनुसार तत्कालका लागि बजारमा पसल थाप्ने किसान तथा व्यापारीसँग कुनै शुल्क लिइने छैन। बजार नियमित र व्यवस्थित रूपमा सञ्चालन हुन थालेपछि करिब ६ महिनापछि शुल्क निर्धारण गरिनेछ।

‘अहिले किसान र व्यापारीलाई निःशुल्क रूपमा पसल थाप्ने व्यवस्था गरेका छौँ,’ वडाध्यक्ष गैरेले भने, ‘६ महिनापछि बजार व्यवस्थापन र सञ्चालनका लागि टेन्डर आह्वान गरी ठेक्कामार्फत सञ्चालन गर्ने योजना छ।’

- **विद्युत् लगायतका अधुरा काम पूरा भएपछि सञ्चालन**

आधुनिक कृषि बजारको निर्माण पूरा भई डेढ वर्षअघि नै उद्घाटन गरिए पनि विद्युत्लगायत केही काम बाँकी रहेकाले सञ्चालनमा ढिलाइ भएको वडाध्यक्ष गैरेले बताए। उनका अनुसार बाँकी रहेका काम सम्पन्न गरी बजार सञ्चालनका लागि किसान तथा व्यापारीलाई सूचना दिइएको थियो। बजारको व्यवस्थापन र सञ्चालनसम्बन्धी निर्णय गर्न सर्वदलीय बैठकसमेत बसेको उनले जानकारी दिए।

‘विद्युत्त लगायतका केही अधुरा काम पूरा गरेर आजदेखि बजार सञ्चालनमा ल्याएका हौँ,’ गैरेले भने, ‘किसान र व्यापारीलाई जानकारी गराएर बजारमा आउन आग्रह गरेका थियौँ। सर्वदलीय बैठकमार्फत व्यवस्थापन र सञ्चालनसम्बन्धी निर्णय पनि गरिएको छ।’

- **१९ लाखको चिस्यान केन्द्र, ६ वटा पक्की सेड**

रंगपुरमा निर्माण गरिएको आधुनिक कृषि बजारमा किसानका उत्पादन संकलन तथा बिक्री–वितरणका लागि ६ वटा व्यवस्थित पक्की सेड निर्माण गरिएको छ। बजार परिसरमा शौचालय र कम्पाउन्ड वालसमेत निर्माण गरिएको छ।

त्यसैगरी, किसानले उत्पादन गरेका तरकारी तथा अन्य कृषि उपज भण्डारण गर्न बजार परिसरमै १९ लाख १९ हजार रुपैयाँको लागतमा मिनी कोल्ड स्टोर (चिस्यान केन्द्र) निर्माण गरिएको छ। उक्त चिस्यान केन्द्रको भण्डारण क्षमता १ मेट्रिक टन रहेको वडाध्यक्ष गैरेले जानकारी दिए। कृषि बजारको भवनभित्रै स्तनपान कक्षसमेत निर्माण गरिएको छ।

आधुनिक कृषि बजार सञ्चालनमा आएसँगै स्थानीय किसानले आफ्ना उत्पादन बिक्री गर्न व्यवस्थित स्थान पाउने तथा कृषि उपजको भण्डारण र बजारीकरणमा सहजता हुने अपेक्षा गरिएको छ।

# भ्रामक तथा धम्कीपूर्ण सामग्री पोस्ट गरेको आरोपमा एकजना पक्राउ

**मधेशदृष्टि**
**जनकपुरधाम।**
सामाजिक सञ्जालमार्फत विभिन्न व्यक्ति तथा समुदायविरुद्ध आधारहीन, भ्रामक तथा धम्कीपूर्ण सामग्री प्रकाशन गरी सामाजिक शान्तिमा खलल पु¬याउन खोजेको आरोपमा सिरहाका एक जना पक्राउ परेका छन्। पक्राउ पर्नेमा सिरहाको लहान नगरपालिका–२४ का मनोजकुमार महतो ‘मनोज मानव’ रहेको जिल्ला प्रहरी कार्यालय सिरहाले जनाएको छ।

प्रहरीका अनुसार महतोले लामो समयदेखि उद्योगी, व्यवसायी, जनप्रतिनिधि, पत्रकार, राजनीतिक नेता तथा राष्ट्रसेवक कर्मचारीलगायत विभिन्न व्यक्तिविरुद्ध प्रमाण र आधारबिनाका सामग्री सामाजिक सञ्जालमा पोस्ट गर्दै आएको आरोप छ। त्यस्ता सामग्रीमार्फत व्यक्तिको चरित्रहत्या गर्नुका साथै सामाजिक सद्भाव र शान्तिमा समेत असर पार्ने गतिविधि गरेको प्रहरीको दाबी छ।

प्रहरीमा परेको जाहेरीका आधारमा साइबर अपराध तथा सार्वजनिक शान्ति खलल पार्न नहुनेसम्बन्धी कसुरमा मुद्दा दर्ता गरी



पक्राउ पुर्जी जारी गरिएको थियो।

सोही पुर्जीका आधारमा खोजी गर्ने क्रममा महतोलाई उदयपुरको चतरा पुलपारिको एक होटलमा लुकिछिपी बसेको अवस्थामा असोज ४ गते पक्राउ गरिएको प्रहरीले जनाएको छ।

उदयपुर प्रहरीको सहयोगमा पक्राउ गरिएका महतोमाथि थप अनुसन्धान तथा कानुनी कारबाही भइरहेको जिल्ला प्रहरी कार्यालय सिरहाका सूचना अधिकारी प्रहरी नायब उपरीक्षक रमेशबहादुर पालले जानकारी दिए।

प्रहरीका अनुसार महतोले आफूसँग स्वचालित हतियार रहेको र आफू पूर्व ‘जनतान्त्रिक’ लडाकु भएको भन्दै केही व्यक्तिलाई धम्की दिएको तथा हतियारको तस्वीर पठाएर आपराधिक लाभसमेत लिएको सूचना प्राप्त भएको छ। यस घटनासँग सम्बन्धित भएर महतोबाट पीडित भएको वा कुनै किसिमको धम्की तथा आपराधिक लाभसम्बन्धी गतिविधिमा परेको भए जिल्ला प्रहरी कार्यालय सिरहामा सम्पर्क गर्न प्रहरीले आग्रह गरेको छ।

मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित, सम्पर्कः वीरगंज महानगरपालिका-१३, पर्सा, मोबाइल नं.-९८५५०२१२८१, कार्यालयः जनकपुरधाम-२, भानुचोक, किशोरी नगर, फोन नं.-०४१-५९०२८९, E-mail: madheshdristi@gmail.com, अध्यक्षः ध्रुव साह, सम्पादकः रामकुमार एलन